# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ३ (संख्या ५) बैषाख २० गते २०७७ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## नगर बस सञ्चालन कार्यविधि-२०७६

प्रस्तावना :

चामुण्डा विन्द्रासैनी नगरपालिका द्वारा नगर क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरुलाई गुणस्तरीय तथा सुलभ यातायात सेवा प्रदान गर्न बाञ्छनीय भएकाले,

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चामुण्डा विन्द्रासैनी नगरपालिकाले "नगर बस सञ्चालन सम्बन्धि कार्यविधि, २०७६" जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर बस सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर बस सञ्चालन कार्यविधि, २०७६ सम्झनु पर्दछ।

ख) "कार्यपालिका सदस्य" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिका सदस्य सम्झनु पर्दछ।

ग) "टिकट" भन्नाले नगर बस यातायात सेवा प्रयोग गर्दा सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनु पर्दछ।

घ) "नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका सम्झनु पर्दछ।

ङ) "निर्धारित" भन्नाले प्रचलित संघिय कानून तथा प्रदेश कानूनमा यातायात सम्बन्धि ऐन कानून तथा चामुण्डा विन्द्रासैनी नगरपालिकाले विभिन्न समयमा गरेका निर्णय व्यवस्था र मापदण्ड सम्झनु पर्दछ।

च) "नगर क्षेत्र" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका भित्र पर्ने भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

छ) "पार्किङ स्थल" भन्नाले यातायात सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्दछ।

ज) "प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ

झ) "उपप्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख





प्रशासकिय अधिकृत सम्झनु पर्दछ र सो शब्दले निमित्त प्रमुख प्रशासकिय अधिकृत समेतलाई सम्झनु पर्दछ।

ट) "प्रदेश कानून" भन्नाले कर्णाली प्रदेश सभावाट जारी यातायात व्यवस्था सम्बद्ध कानून सम्झनु पर्दछ।

ठ) "संघिय कानून" भन्नाले संघिय संसदवाट जारी भएको यातायात व्यवस्था सम्बद्ध कानूनलाई सम्झनु पर्दछ।

ड) "सेवा प्रदायक" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ।

ढ) "सञ्चालक समिति" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाले नगर बस सञ्चालन गर्दा कार्यविधिको दफा ९ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ।

**३.टिकट सम्बन्धि व्यवस्था** : (१) चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाले नगर बस सञ्चालन गर्दा देहाय बमोजिम दुई प्रकारका टिकटको व्यवस्था गर्नेछ,

क) बालबालिका, ज्यष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, विद्यार्थी लगायत अन्य अशक्तहरुका लागि सहुलियत टिकट,

ख) अन्य नागरिकका लागि सामान्य टिकट।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायवाट जारी भएको परिचयपत्र देखाउनु पर्नेछ।

**४.आरक्षण सिट सम्बन्धि व्यवस्था** : नगरकार्यपालिकाले बसमा सवार गर्ने बालबालिका, ज्यष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, विद्यार्थी लगायत अन्यका लागि कम्तिमा दुई वटा आरक्षण सिटको व्यवस्था गर्नुपर्नेछ।

**५. अनिवार्य टिकट लिन र दिनु पर्ने** : चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र रुट कायम भई सञ्चालन हुने नगर बसमा सवार गर्ने यात्रीहरुले नगरकार्यपालिकाले निर्धारण गरेको ढाँचाको टिकट अनिवार्य लिनुपर्नेछ र सो टिकट अनिवार्य रुपमा दिनुपर्ने दायित्व परिचालकको हुनेछ।

**६. सवारी चालक सम्बन्धि व्यवस्था** : चामुण्डा विन्द्रासैनी नगरपालिकाद्धारा सञ्चालन हुने नगर बसको सवारी चालक हुनको लागि देहायको योग्यता पुरा गरेको नेपाली नागरीक योग्य मानिनेछ।

क) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ रहेको,

ग) कम्तिमा पाँच वर्ष अनुभव प्राप्त गरेको,

घ) कुनै प्रचलित कानूनले अयोग्य नरहेको।

**.७ सवारी चालकको सेवा सम्बन्धि व्यवस्था** : चामुण्डा विन्द्रासैनी नगरपालिकाद्धारा सञ्चालित नगर बस चालकको सेवा सम्वन्धि नगरकार्यपालिकाले व्यवस्था गरे बमोजिम हुनेछ।

**८.परिचालक सम्बन्धि व्यवस्था** : चामुण्डा विन्द्रासैनी नगरपालिकाद्धारा सञ्चालित नगर बसमा देहायको योग्यता पुरा गरेको व्यक्तिलाई सञ्चालक समितिले आवश्यकताको आधारमा परिचालकको लागि नगरकार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

क) प्रचलित कानून बमोजिम परिचालक इजाजत प्राप्त गरेको,

ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहेको,

ग) कुनै प्रचलित कानूनले अयोग्य नरहेको।

**९. सञ्चालक समिति सम्बन्धि व्यवस्था** : चामुण्डा विन्द्रासैनी नगरपालिका द्वारा सञ्चालित नगर बस लाई मर्यादित, सुरक्षित र अनुशासित रुपमा सञ्चालन गर्न देहाय बमोजिम एक अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत- | संयोजक |
| ख) आर्थिक शाखा प्रमुख - | सदस्य |

ग) राजस्व शाखा प्रमुख- सदस्य

**१०. रुट तथा बस संख्या सम्वन्धि व्यवस्था** : (१) चामुण्डा विन्द्रासैनी नगरपालिकाक्षेत्र भित्र रहेका विभिन्न देहायका स्थानहरुमा नगरकार्यपालिकाले रुट छनौट गरी जिल्ला प्रशासन कार्यालय दैलेखको रुट परमिट लिई नगर बसले नागरिकहरुलाई यातायात सेवा प्रदान गर्नेछ।

क) पालेतडा देखि बुडेली चाल्नेचौतारा हुँदै तिज डाँडासम्म

ख) रामघाट देखि जम्बुकाँध हुँदै लाईनचौर सम्म

ग) हाडाकोट देखि जम्बुकाँध सम्म

घ) सिम्सेर देखि जम्बुकाँध सम्म ।

(२) चामुण्डा विन्द्रासैनी नगरपालिकाले प्रारम्भमा एउटा मिनिवस सञ्चालन गर्नेछ र आवश्यकताको आधारमा नगरपालिकाले अन्य बसहरु खरिद गरी सँचालन गर्न सक्नेछ।

**११. भाडा दर सम्बन्धि व्यवस्था** : चामुण्डा विन्द्रासैनी नगरपालिकाद्धारा सञ्चालित नगरवसमा यात्रा गरेवापत यात्रीहरुले तिर्नुपर्ने भाडा दर प्रचलित नेपाल सरकारले जारी गरेको भाडा दरको अधिनमा रही नगरकार्यपालिकाले अनुसुची - १ को ढाँचामा निर्धारण गरे बमोजिम हुनेछ।

**१२. आम्दानी सम्बन्धि व्यवस्था** : नगरपालिकाले सञ्चालन गरेको बस बाट संकलित आम्दानी प्रत्यक दिन नगरपालिकाको राजस्व शाखामा बस चालक तथा परिचालकले दाखिला गर्नु पर्नेछ।

**१३. यात्रीको कर्तव्य** : नगर बसमा यातायात सेवा प्रयोग गर्ने यात्रीले देहाय बमोजिमका कर्तव्यहरुको पालना अनिवार्य रुपमा गर्नुपर्नेछ।

क) चालक, परिचालक तथा अन्य व्यक्तिहरुसँग शिष्ट, शालिन र सभ्य व्यवहार गर्ने,

ख) निर्धारित भाडा नतिरि यात्रा गर्ने वा गर्न प्रयत्न नगर्ने,

ग) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा नबस्ने,

घ) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने कार्य नगर्ने,

ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छुटका लागि दाबी नगर्ने,

च) नक्कली परिचयपत्रवाट सुविधा लिन प्रयत्न नगर्ने,

छ) यातायातको साधन भित्र मदिरा तथा सुर्ती जन्य पदार्थ सेवन नगर्ने,

ज) यातायातका साधन भित्र जडान भएका भौतिक सामाग्रीहरुको तोडफोड गरी क्षेति नपुर्‍याउने ,

झ) यौनजन्य व्यवहार नगर्ने, लगायत प्रचलित कानूनले गर्ननहुने कार्यहरु।

**१४.चालकको कर्तव्य** : नगरपालिकाको नगर बस चालकले देहाय बमोजिमका कर्तव्यहरु अनिवार्यरुपमा पालन गर्नुपर्नेछ।

क) परिचालक तथा बसमा सवार गर्ने यात्रीहरुसँग शिष्ट, शालिन र सभ्य व्यवहार गर्ने,

ख) जथाभावी पार्किङ नगर्ने,

ग) मदिरा तथा सुतिजन्य पदार्थ सेवन गरी सवारी साधन नचलाउने,

घ) प्रत्यक दिन वस चलाउनु एक घण्टा अघि बसको पाटपुर्जाहरु चेक जाँच गर्ने,

ङ) इन्जिनमा कुनै खरावी भएमा तुरुन्त सञ्चालक समितिलाई जानकारी गराउने

च) यौनजन्य दुर्व्याहारा नगर्ने,

छ) कानूनले निषेध गरेका अन्य कार्यहरु नगर्ने ।

**१५. संशोधन गर्न सक्ने** : यस कार्यविधिमा आवश्यता अनुसार कुनै संशोधन गर्नुपरेमा नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१६. स्वतः खारेज भएको मानिने** : यो कार्यविधि तथा यसका कुनै दफा संघिय कानून , प्रदेश कानून वा अन्य प्रचलित ऐन कानून सँग वाझिएको हदसम्म स्वत खारेज भएको मानिने छ।





**अनूसुचि १**

(दफा ११ सँग सम्बन्धित)

| क्र.सं. | देखि | सम्म | भाडा रु. |
|---|---|---|---|
| १ | तिजडाँडा | देउराली बुडेली | |
| २ | तिजडाँडा | जम्बुकाँध | |
| ३ | तिजडाँडा | डौंसुर | |
| ४ | तिजडाँडा | पालेतडा | |
| ५ | लाइनचौर | जम्बुकाँध | |
| ६ | लाइनचौ | रामघाट पुल बजार | |
| ७ | हाडाकोट | जम्बुकाँध | |
| ८ | सिम्सेर | जम्बुकाँध | |



आज्ञाले

तिलक वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत